# मुसिकोट नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः १ संख्या : १ श्रावण १, २०७४**

## भाग-१

### मुसिकोट नगरपालिका
### नगर कार्यपालिकाको कार्यालयको
### सूचना
### आर्थिक ऐन, २०७४

संवत् २०७४ सालको ऐन नं १

**प्रस्तावनाः** मुसिकोट नगरपालिकाको आर्थिक वर्ष 2074/075 को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न आवश्यक भएकोले,

नेपालको संविधानको धारा २२8 को उपधारा (2) बमोजिम मुसिकोट नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (1) यस ऐनको नाम “आर्थिक ऐन, 2074” रहेको छ ।

(2) यो ऐन 2074 साल श्रावण 1 गतेदेखि मुसिकोट नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (1) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** नगरपालिका क्षेत्रभित्र अनुसूचि (2) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (3) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (4) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला

जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (5) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (6) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (7) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (8) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (9) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (10) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि 1१ मा उल्लिखित स्थानीय पूर्वाधार

र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **पर्यटन शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १२ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१५. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ ।

## अनुसूची - १

## सम्पति करः

नगरपालिकाका क्षेत्रभित्र लगाइने एकिकृत सम्पत्ति कर / घरजग्गा करका सम्बन्धमा निर्देशिका बनाइ नगर कार्यपालिकाले निर्णय गरे अनुरुप कर असूल उपर गरिनेछ ।

## अनुसूची -२

## भूमि कर (मालपोत)

नगरपालिका क्षेत्र भित्रको जग्गा जमिनको उत्पादनको अवस्था, बजार मूल्य, सुगमताको अवस्था आदिलाई मध्यनजर गरी कार्यपालिकाबाट

अध्ययन गरेर थप निर्णय नहुदासम्म तपसिल बमोजिमको दरमा मालपोत कर असुली गर्ने ।

| जग्गा किसिम | मालपोतको दर प्रति रोपनी (रू) | कैफियत |
|---|---|---|
| अबल | ४० | |
| दोयम | ३० | |
| सिम | २० | |
| चाहार | १० | |

अनुसूची -३

**घर बहाल कर**

बहाल रकमको १० प्रतिशतका दरले

अनुसूची -४

**व्यवसाय कर**

| सि.नं. | व्यवसायको किसिम | कर वार्षिक | **वर्गिकरण ( ठूला, मझौला र साना)** | **कैफियत** |
|---|---|---|---|---|
| १ | ठूला होटल | १०००० | | |
| २ | मध्यम होटल | ५००० | | |
| ३ | चिया नास्ता पसल | ३००० | | |
| ४ | मदिरा पसल थोक | २०००० | | |
| ५ | मदिरा पसल साना | १०००० | | |
| ६ | कपडा पसल ठूला | १०००० | | |
| ७ | कपडा पसल सानो | ३००० | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | हार्डवेयर पसल ठूला | २०००० | | |
| ९ | हार्डवेयर पसल साना | १०००० | | |
| १० | प्लाइउड सिसा फ्रेम | ५००० | | |
| ११ | फेन्सी पसल ठूलो | ५००० | | |
| १२ | फेन्सी पसल साना | ३००० | | |
| १३ | गर गहना ठूलो | ५००० | | |
| १४ | गर गहना साना | ३००० | | |
| १५ | मोवाइल तथा इलेक्टिक पसल | ३००० | | |
| १६ | मोटर साइकल बिक्रेता तथा मर्मत | ५००० | | |
| १७ | गाडी मर्मत तथा विक्रेता | १५००० | | |
| १८ | औषधी पसल | ५००० | | |
| १९ | निजी अस्पताल | १५००० | | |
| २० | पोल्टी फर्म | ५००० | | |
| २१ | काठ तथा फर्निचर | १०००० | | |
| २२ | पेट्रोल पम्प | १०००० | | |
| २३ | किराना पसल साना | २००० | | |
| २४ | किराना पसल ठूला | ५००० | | |
| २५ | खाद्य पसल | ३००० | | |
| २६ | वाणिज्य बैक क वर्ग | २०००० | | |
| २७ | वाणिज्य बैक ख वर्ग | १५००० | | |
| २८ | वाणिज्य बैक ग वर्ग तथा वित्तिय सस्था | १०००० | | |
| २९ | अन्य | ३००० | | |
| ३० | छापाखाना | १०००० | | |
| ३१ | साइन वोर्ड फ्लेक्स प्रिन्ट | ५००० | | |
| ३२ | भाडा पसल | ५००० | | |
| ३३ | ग्यास विक्रेता | ५००० | | |

| | | | | |
|---|---|---|---|---|
| ३४ | मोवाइल टावर | १०००० | | |
| ३५ | गल्ला पसल | १०००० | | |
| ३६ | ठेक्का पट्टा इजाजतपत्र नविकरण क | २०००० | | |
| ३७ | ठेक्का पट्टा इजाजतपत्र नविकरण ख | १५००० | | |
| ३८ | ठेक्का पट्टा इजाजतपत्र नविकरण ग | १०००० | | |
| ३९ | ठेक्का पट्टा इजाजतपत्र नविकरण घ | ५००० | | |
| ४० | लेखापढी व्यवसायी | ३००० | | |
| ४१ | कानुन व्यवसायी अभिकर्ता | ५००० | | |
| ४२ | कानुन व्सायी अधिवक्ता | १०००० | | |

अनुसूची - ५

**जडिबुटी, कवाडी र जीवजन्तु करः**

नगरपालिकाका क्षेत्रभित्र लगाइने जडिबुटी,कवाडी तथा जीवजन्तु करका सम्बन्धमा अध्यन गरी नगर कार्यपालिकाले निर्णय गरे अनुरुप कर असूल उपर गरिनेछ ।

अनुसूची - ६

**सवारी साधन करः**

१ बस, ट्रक, र लरी प्रति वर्ष रु २०००।

२ जीप, कार प्रति वर्ष रु १०००।

३ ट्याक्टर प्रति वर्ष रु १५००।

४ मोटर साइकल रु ५००।

अनुसूची - ७

**विज्ञापन करः**

नगरपालिकाका क्षेत्रभित्र लगाइने विज्ञापन करका सम्बन्धमा निर्देशिका बनाइ नगर कार्यपालिकाले निर्णय गरे अनुरुप कर असूल उपर गरिनेछ

अनुसूची - ८

**मनोरन्जन करः**

नगरपालिकाका क्षेत्रभित्र लगाइने मनोरञ्जन करका सम्बन्धमा निर्देशिका बनाइ नगर कार्यपालिकाले निर्णय गरे अनुरुप कर असूल उपर गरिनेछ ।

**अनुसूची - ९**

**बहाल बिटौरी शुल्कः**

नगरपालिकाका क्षेत्रभित्र लगाइने बहाल बिटौरी करका सम्बन्धमा निर्देशिका बनाइ नगर कार्यपालिकाले निर्णय गरे अनुरुप कर असूल उपर गरिनेछ ।

अनुसूची - १०

**पार्किङ शुल्कः**

नगरपालिकाका क्षेत्रभित्र लगाइने पार्किङ शुल्कका सम्बन्धमा निर्देशिका बनाइ नगर कार्यपालिकाले निर्णय गरे अनुरुप कर असूल उपर गरिनेछ ।

आर्थिक ऐन, २०७४

अनुसूची - ११

## सेवा शुल्क, दस्तुरः

| सि न | सेवाको किसिम | शुल्क दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस | निशुल्क | |
| २ | नागरिकताको सिफारिस मुचुल्का | ३०० | |
| ३ | हालैको बकसपत्र सिफारिस | १००० | |
| ४ | बकसपत्र शेषपछिको सिफारिस | ५०० | |
| ५ | नाता प्रमाणित नेपालीमा | ५०० | |
| ६ | नाता प्रमाणित अग्रेजीमा | १५०० | |
| ७ | बसोवास प्रमाणित | ४०० | |
| ८ | नाम सच्याई सिफारिस | ५०० | |
| ९ | मिलापत्र बक्सौनी | २००० | |
| १० | टेलीफोन, बिजुली, पानी धारा जडान सिफारिस संघ संस्था | १००० | |
| ११ | टेलीफोन, बिजुली, पानी धारा जडान सिफारिस व्यक्तिगत | ५०० | |
| १२ | संघ संस्था दर्ता तथा नविकरण सिफारिस | १५०० | |
| १३ | अंशवण्डा सिफारिस | ५०० | |
| १४ | रुख कटानको सिफारिस प्रति रुख | १०० | |
| १५ | बन्दुक नविकरण सिफारिस | १००० | |
| १६ | उद्योग दर्ता सिफारिस सानो | १५०० | |
| १७ | उद्योग दर्ता सिफारिस मझौला | २५०० | |
| १८ | उद्योग दर्ता सिफारिस ठूलो | ५००० | |
| १९ | व्यवसाय दर्ता सिफारिस | १००० | |
| २० | व्यवसाय बन्दको सिफारिस | २००० | |
| २१ | नगरपालिकामा सूची दर्ता | ५०० | |
| २२ | ठेक्का पट्टा लाइसेन्स क र ख वर्ग | २०००० | |
| २३ | ठेक्का पट्टा लाइसेन्स ग र घ वर्ग | १००० | |

| | | | |
|---|---|---|---|
| २४ | सम्पत्ति मूल्यांकन | ०.१ प्रतिशत | |
| २५ | घर बाटो सिफारिस पक्की सडक | २००० | |
| २६ | घर बाटो सिफारिस कच्ची सडक | १५०० | |
| २७ | घर बाटो सिफारिस बाटो नभएको | १००० | |
| २८ | जनजाती, दलित सिफारिस | १०० | |
| २९ | नावालिक सिफारिस | १०० | |
| ३० | साधारण सिफारिस | ३०० | |
| ३१ | छापाखाना दर्ता सिफारिस | ३००० | |
| ३२ | नक्सा प्रमाणित नयाँ प्रति स्क्वायर फिट | ८ | |
| ३३ | नक्सा प्रमाणित पुरानो प्रति स्क्वायर फिट | २० | |
| ३४ | चार किल्ला सिफारिस | ५०० | |
| ३५ | फर्निचर उद्योग दर्ता | ५००० | |
| ३६ | फोहर मैला मासिक शुल्क खुम्टी पसल | ५० | |
| ३७ | फोहर मैला शुल्क मासिक तरकारी, फेन्सी, किराना, होटल, चिया नास्ता पसल आदी | १५० | |
| ३८ | फोहर मैला शुल्क मासिक एग्रोभेट, औषधी पसल | १०० | |
| ३९ | फोहर मैला शुल्क मासिक लज, ठूला होटल, निजी अस्पताल | २०० | |
| ४० | योजना सम्झौता र फरफारक सिफारिस | रकमको ०.१ प्रतिशत | |
| ४१ | छुट जग्गा दर्ता सिफारिस | १००० | |

## अनुसूची - १२

**पर्यटन शुल्कः**

नगरपालिकाका क्षेत्रभित्र लगाइने पर्यटन शुल्क तथा पर्यटन क्षेत्रका सम्बन्धमा निर्देशिका बनाइ नगर कार्यपालिकाले निर्णय गरे अनुरुप कर असूल उपर गरिनेछ ।

आज्ञाले,
परमानन्द घिमिरे
कार्यकारी अधिकृत